# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं: २०७९/८०

ओखलढुङ्गा

(१ नं. प्रदेश), नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः२०७९/११/०४)

यस कार्यालयमा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक देहाय वमोजिमको पद करारमा खुला प्रतिष्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिनभित्र माग वमोजिमका विवरण र यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १०/०७९/०८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

- सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,
- दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिईनेछ ।

२. **दरखास्त दिने स्थानः** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/११/१८ गते बिहिवार कार्यालय समयभित्र, सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **दरखास्त दस्तुरः** रु. ५००।- (अक्षेरुपी रु. पाँच सय मात्र)

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्तवाला स्वयंले प्रमाणित गरेको देहाय वमोजिमको कागजातहरुको प्रतिलिपिः-नेपाली नागरिकता, न्यूनतम योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र, तालिमको प्रमाण पत्र, अनुभव भए सो को कागजात, तीन प्रति पासपोर्ट साइजको फोटो ।

७. **सेवा सुविधाः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ वमोजिम ।

८. **अन्यः** उक्त पदको दरखास्त फाराम यस कार्यालयको Website:www.siddhicharanmun.gov.np बाट तथा यस कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । सो पदको पाठ्यक्रम र कार्यविवरण स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ वमोजिम हुनेछ । उक्त मापदण्ड यस कार्यालयको Website:www.siddhicharanmun.gov.np र मन्त्रालयको Website:www.pmep.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत